AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# विद्यालयको शिक्षा

अष्ट्रेलियामा प्राथमिक र माध्यमिक शिक्षा दुई भागमा विभाजन गरिएको छ - सरकारी विद्यालयहरू र निजी विद्यालयहरू अन्तर्गत।

## सरकारी स्कूलहरू

अधिकांश केटाकेटी सरकारी वा राज्यको विद्यालयमा जान्छन् जहाँ उनीहरूको शिक्षण निःशुल्क हुन्छ। तर त्यहाँ थप खर्च हुन्छ जस्तो कि किताबहरू, पोशाकहरू र अन्य प्रशासनिक शुल्कहरू। यदि तपाईँ ती खर्चहरू तिर्न सक्षम हुनुहुन्न भने विद्यालय प्रशासनसित कुराकानी गर्न सक्नुहुन्छ।

## निजी स्कूलहरू

निजी स्कूलहरू कि त धार्मिक सङ्गठनहरूले (उदाहरणका लागि क्याथोलिक, एङ्लिकन, लुथर्न वा प्रोटेष्टेन्ट चर्चहरूले) वा अन्य स्वतन्त्र निकायहरूले चलाएका हुन्छन्। सानो सङ्ख्यामा यहुदी वा ज्यूविस र इस्लामिक स्कूलहरू पनि छन्। अधिकांश निजी विद्यालयहरूले उच्च शुल्क लगाउँछन्।

## विद्यालयमा भर्ना गर्ने तरिका

तपाईँको केसवर्कर वा प्रस्तावकले तपाईँका केटाकेटीहरूलाई विद्यालयमा भर्ना गर्न मद्दत गर्नेछन्। तपाईँले आफ्नो यात्रा कागजात **ट्राभल डकुमेण्ट** तपाईँको **बच्चाको खोपको रेकर्ड** र पहिला अध्ययन गरेको विद्यालयको **रिपोर्टहरू** र **सर्टिफिकेटहरू** देखाउनु पर्छ।

अष्ट्रेलियामा केटाकेटीहरू ५ देखि १७ वर्षको उमेरसम्म अनिवार्य तवरमा विद्यालय गएको हुनुपर्छ। तिनीहरूले ६ वा ७ वर्षको प्राथमिक विद्यालय र कम्तिमा चार वर्षको माध्यमिक विद्यालय शिक्षा पूरा गर्छन्। अधिकांश केटाकेटीहरू प्राथमिक विद्यालय जानुअघि एकवर्षे (आंशिक) प्रि स्कूल – जाने गर्छन्।

केटाकेटीहरूलाई उनीहरूको उमेरअनुसार कक्षामा राखिन्छ , तर राज्य र प्रदेश सरकारहरूको बीचमा अलिकति भिन्नता हुन्छ।

## विद्यालयमा जाने

जनवरी महिनाको अन्ततिर शुरू भएर डिसेम्वरसम्म चल्ने विद्यालय शैक्षिक वर्षका चारवटा सत्र हुन्छन्। विद्यालयको सत्रको बीचमा विदा हुन्छ र सार्वजनिक विदाको दिन विद्यालय बन्द गरिन्छ। अधिकांश केटाकेटीहरूले सोमवारदेखि शुक्रबारसम्म प्रतिदिन छ घण्टा विद्यालयमा बिताउँछन्। विद्यालयमा हाजिर हुनु जरूरी छ र यो अनिवार्य पनि छ। जव विद्यार्थीले पढाई छुटाउँछन् अभिभावकहरूले किन छुटेको हो कारणसहित लिखित जानकारी विद्यालयलाई दिने अपेक्षा गरिएको हुन्छ।






अष्ट्रेलियाका विद्यालयहरूमा विभिन्न वर्ण धार्मिक तथा सामाजिक आर्थिक पृष्ठभूमिका केटाकेटीहरू कक्षाकोठामा एकआपसमा छलफल गर्छन् र कक्षाकोठाबाहिरका कृयाकलापमा सहभागी हुन्छन् । अधिकांश विद्यालयहरूमा केटा र केटीहरू दुवैको एउटै कक्षामा पठनपाठन हुन्छ ।

अतिरिक्त अङ्ग्रेजी भाषा प्रशिक्षण चाहिने केटाकेटीहरूले अतिरिक्त अङ्ग्रेजी कक्षा (English as an Additional Language - EAL) लिन्छन् जुन उनीहरूको विद्यालयमा सञ्चालन गरिएको हुन्छ । विशेष खालको आवश्यकता भएका केटाकेटीहरू जस्तो कि मानसिक तथा शारीरिक असक्तता भएकाहरूको अरू मानिसको जस्तै शिक्षामा समान अधिकार हुन्छ । यसमा कान नसुन्ने, आँखा नदेख्ने वा सिक्न नसक्ने वा बानी व्यहोराको समस्या भएका केटाकेटीहरू समेत समावेश हुन्छन् । ती विद्यार्थीहरूका लागि नियमित विद्यालयमा नै कक्षा सञ्चालन गरिएको हुन्छ । केही विद्यालयहरूले विशेष खालका आवश्यकता भएका विद्यार्थीहरूलाई शिक्षण सेवा दिन विशेष दक्षता हासिल गरेका हुन्छन् ।

शिक्षकहरूले बालबालिकाहरूलाई सोच्न र विश्लेषण गरेर सिक्न उत्प्रेरणा दिएका हुन्छन् । यो प्रकृया केही कुरा सम्झनेभन्दा एक कदम अगाडि हो । प्रश्नहरू सोधेर छलफलमा सहभागी भएर र धेरै अङ्ग्रेजी नबोले पनि विभिन्न कृयाकलापमा भाग लिएर विद्यार्थीहरू सहभागी हुनसक्छन् ।

केटाकेटीहरूलाई विभिन्न प्रकारका कक्षाहरू जस्तो कि प्राज्ञिक अध्ययन, खेलकूद कार्यक्रमहरू र सांगीतिक कृयाकलापहरू गरेर तिनमा सहभागी बन्न उत्प्रेरणा दिन खोजिन्छ । विद्यालयले बाहिर घुम्न जाने एक्सकर्सन र क्याम्पिङ्ग कृयाकलापहरूको योजना गर्छन् जसले कक्षाकोठामा पढेको विषयलाई बास्तविक रूपमा अनुभव गर्ने मौका दिन्छ । सबै विद्यालयहरूले अष्ट्रेलियन पाठ्यक्रम (Australian Curriculum) पढाउँछन् । तपाईँले आफ्नो बच्चाले विद्यालयमा के कुरा सिकिरहेको छ भन्ने कुरा थाहा पाउन Australian Curriculum मा हेर्नुहोस् । थप जानकारीको लागि यो वेबसाइट हेर्नुहोस्ः www.australiancurriculum.edu.au

अभिभावकहरूलाई उनीहरूको बालबालिकाको शिक्षामा सरिक हुन जस्तो कि बच्चाको शिक्षकसितको मिटिङमा सहभागि हुन , विद्यालयमा दिइएको पाठ पूरा गरेको यकिन गर्न र विद्यालयका कार्यक्रमहरूमा भाग लिन प्रोत्साहन गर्ने गरिन्छ । तपाईँको बच्चाको शिक्षाबारे उसको शिक्षक वा प्रधानाध्यापकसित र विद्यालयप्रति तपाईँको साधारण अनुभवका बारेमा कुराकानी गर्नु राम्रो हुन्छ । थप जानकारीको लागि www.education.gov.au मा जानुहोस् ।

## केटाकेटीको हेरबिचार र प्रारम्भिक अध्ययन

बाल हेरचार र शुरुआती सिकाइ (अर्लि लर्निङ्) कार्यक्रमले केटाकेटीहरूलाई सुरक्षित वातावरणमा विकसित हुने आधार उपलब्ध गराउँछ । यसका साथै उनीहरूले अन्य केटाकेटीहरूसित पनि घुलमिल हुन पाउँछन् । यसले बालबालिकाको शुरूका वर्षहरूको विकासमा फाइदा दिनुका अतिरिक्त बाल हेरचाह र अर्लि लर्निङ् कार्यक्रमले कामकाजी परिवारलाई काममा फर्कन मद्दत दिन्छ । बाल हेरचाह सेवा र नियमहरू, आर्थिक सहायता, विशेष आवश्यकता भएका केटाकेटीहरूका लागि उपलब्ध सेवा र विभिन्न सांस्कृतिक पृष्ठभुमिका बालबालिकाहरूका लागि पाइने सेवाहरूसम्बन्धी सरकारी जानकारीका लागि । थप जानकारी चाहिएमा www.mychild.gov.au

बाल हेरचाह सुविधा उपलब्ध गराउनुका साथै बालबालिका हेरचाह तथा अर्लि लर्निङ् सेवाहरूले तपाईँको बच्चाको लागि सामाजिक, भावनात्मक सोचाइको विकास गर्ने र सिक्ने अवसर दिएको छ । तपाईँको बाल हेरचाहसम्बन्धी सरकारी जानकारी र अर्लि लर्निङ्का उपायहरु MyChild वेबसाइटमा उपलब्ध छ । विद्यालयमा हाजिर भैरहेका बिभिन्न बालबालिकाहरुको तस्बिरहरु र अविभावक शिक्षक बिचको अन्तर्वार्ता थप जानकारीको लागि www.mychild.gov.au/childcare-information/options मा जानुहोस् ।






Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको ।

IOM • OIM